नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०६७ (November 2010) वर्ष १४/अङ्क १६४

## नेइम मिशन सम्मलेन तथा मिशन यात्रा-२०१०

श्री लेखनाथ पौडेल

**वर्ष २०१०**, मिशन वर्ष, गुमाएका कुरा पुनः प्राप्त गरिरहेको वर्ष । यस वर्षलाई नेइम परिषद्ले मिशन वर्षका रूपमा मनाउने निर्णय गरेको छ । वर्षको शुरूमा नै परमेश्वरले आदरणीय पाष्टर गुरुबालाई मण्डलीले विगतमा प्राप्त गर्न नसकेका र गुमाएका कुरा पुनः प्राप्त गराउने प्रतिज्ञा गर्नुभएको थियो । परमेश्वरले प्रतिज्ञा गर्नुभएबमोजिम मण्डलीले निकै ठूला आशिषहरूको अनुभव गरिरहेको छ, जो पहिला कहिल्यै पनि अनुभव गरिएको थिएन ।

वर्षको शुरूमा नै नेइम मिशन विभागको सक्रियतामा भारतको पुना, मुम्बई तथा आसाममा मिशन धावामा विभिन्न टोलीहरू गएका थिए । ती ठाउँहरूमा सुसमाचार प्रचार गरिए र धेरैले प्रभु येशूलाई चिन्न सके । त्यसको केही समय भित्रै नेपालका विभिन्न ठाउँहरूमा पनि मिशन धावामा विभिन्न टोलीहरू गएका थिए । ती ठाउँहरूमा सुसमाचार प्रचार गरिए र धेरै ठाउँहरूमा नयाँ आउटरिच संगतिहरू पनि शुरू भए । नेपालको पश्चिमी क्षेत्रमा रहेका नेइमका शाखा-आबद्ध मण्डलीहरूमा भएको एउटा बप्तिस्माको कार्यक्रममा १७४ जनाले पानीको बप्तिस्मा लिएका थिए । उक्त बप्तिस्मा कार्यक्रम पाष्टर रोबर्ट कार्थक गुरुबाले सय वर्ष पुगेकी एक बृद्धा महिलालाई पानीको बप्तिस्मा दिनुभएर शुरु भएको थियो । त्यति मात्र नभई यसै वर्ष नै आदरणीय पाष्टर गुरुबा बेलायतमा रहेका नेपालीहरूका बीचमा सेवकाई गर्न महिना दिनको लागि जानुभएको थियो ।

यो वर्ष, नेपालका विभिन्न जिल्लाहरूमा रहेका नेइमका शाखा आवद्ध मण्डलीमा क्षेत्रीय अगुवा तालिम कार्यक्रमहरू तथा बाल संगतिका शिक्षक, शिक्षिकाहरूको तालिम सम्पन्न भइरहेको छ । नेपालभित्र सोलु, जुम्ला, महोत्तरी, दोलखा, मकवानपुर र धनकुटामा मण्डली भवनहरू समर्पण गर्ने कार्य सम्पन्न भयो ।

नेपाल भित्र मात्र सिमित नभएर यो वर्ष नेपालभन्दा बाहिर पनि संगतिहरू विस्तारित भयो र भारतको विहारमा मण्डली भवन समर्पण कार्यक्रम पनि सम्पन्न भयो ।

यही वर्षको अक्टोबर महिनाको १०-१२ मा नेइम ज्ञानेश्वर चर्चमा मिशन सम्मेलन सम्पन्न भयो । उक्त सम्मेलनमा ११० मण्डलीहरूबाट करीब ५०० जनाको सहभागिता थियो । काठमाडौं उपत्यकाबाट चारवटा मण्डली सहित छोरी मण्डलीहरूबाट करीब ३०० जना अगुवाहरूको सहभागीता थियो । साथै नेइमका करीब ९५ वटा शाखा-आबद्ध मण्डलीबाट र नेपालबाहिर रहेका नेइमका मिशनेरीहरू र उहाँहरूद्वारा शुरूभएका मण्डलीबाट आउनुभएका दश जना अगुवासहित करीब १८५ जना अगुवाहरू सहभागी हुनुहुन्थ्यो । उक्त सम्मेलनमा निशी निवास ए.जी.मण्डलीबाट पनि कतिपय अगुवाहरू सहभागी हुनुहुन्थ्यो । "**नमुना बमोजिमको मण्डली निर्माण**" भन्ने मुख्य शिर्षक रहेको उक्त सम्मेलनका मुख्य वक्ता इम्मानुएल चर्च, अमेरिकाका पाष्टर चार्ल्स स्मीथ हुनुहुन्थ्यो । उहाँले प्रेरितको पुस्तकबाट बाइबल अनुसारको मण्डली कसरी निर्माण हुनुपर्छ भन्ने बारेमा २६ वटा सिद्धान्तहरूसहित स्पष्ट प्रकारले सिकाउनुभएको थियो । सोही सम्मेलनमा नेइम मिशन

विभागका अध्यक्ष पाष्टर डा. राजेन्द्र कुमार रोंगोंगले 'सिकौं र गरौं' भन्ने व्यवहारिक विषयमा सर्वाङ्गीण सुसमाचारमा जोड दिनुपर्छ भनी सिकाउनुएको थियो । सम्मेलनको अन्तिम दिनको प्रभुभोज पाष्टर रोबर्ट कार्थक गुरुबाले दिनुभएको थियो सो समय एकदमै आशिषमय र परमेश्वरको गहन उपस्थिति भएको सहभागीहरूको अनुभव थियो ।

यो सम्मेलन यसैकारण पनि महत्त्वपूर्ण थियो किनकि यो सम्मेलनको लगत्तै पछि नेइमबाट करीब २०० जना अगुवा तथा बीस वर्ष माथिका युवा/युवतीहरू नेपालभित्र रहेका नेइमका करीब ८५ वटा शाखा-आबद्ध मण्डलीहरूमा सरद सम्मेलन, आपसी भेटघाट तथा संगति र सुसमाचार प्रचारका लागि मिशन यात्रामा जानुभएको थियो । जति जना जानुभयो उहाँहरूमा आएको उत्साह, उहाँहरूले पाएको आशिष सुन्दा परमेश्वरको गहिरो उपस्थिति र अभिषेक उहाँहरूसँग रहेको महशुस गर्न सकिन्थ्यो । पूर्व झापा देखि पश्चिम कन्चनपुरसम्म र उत्तर डोल्पादेखि दक्षिण रौतहटसम्म रहेका २१ वटा जिल्लाहरूमा स-साना टोलीमा यो समुह मिशन यात्रामा गएको थियो । परमेश्वरको अनुग्रहमा सुरक्षासाथ यो यात्रा परमेश्वरको आशिषमा सम्पन्न भयो ।

यस वर्षको अक्टोबर महिनाको मिशन सम्मेलन र यात्राका लागि करीब १० लाख रूपैयाँ खर्च लागेको थियो भने सहभागीहरूले करिब २ लाख रूपैयाँ सहयोग प्रदान गर्नुभएको थियो र अन्य शुभचिन्तक र मण्डलीका सदस्यहरूले करीब ४ लाख प्रदान गर्नुभयो । बाँकी नपुग खर्च भने स्थानीय मण्डलीहरूबाट पूर्ति गरिने भएको छ ।

यस वर्ष पाएको आशिषलाई अनुभव गर्दा अर्को वर्ष पनि यस्तै मिशन यात्रा गर्ने विचार नेइम मिशन विभागले गरेको छ तर यसका लागि प्रशस्त रूपैयाँ पैसा साथै जाने अगुवाहरूको पनि खाँचो पर्दछ । यस कार्यको लागि आजदेखि नै आवश्यक तयारीमा हामी सबै जुटौं ।

परमेश्वरले हामी सबैलाई उहाँको सेवामा आशिष दिनुहुनेछ, किनकि प्रभु भन्नुहुन्छ, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु ।" -मत्ती २८:१८-२० ।

हामी जहाँ छौं, त्यहाँबाट कदम नचालिकन परमेश्वरको काम गर्न सक्दैनौं । हामी साहस गरेर उठ्यौं र आफ्नो ठाउँबाट निस्केर उहाँको सेवा गर्‍यौं भने परमेश्वर युगको अन्तसम्मै हामीहरूको साथमा हुनुहुनेछ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
|---|---|---|---|---|---|---|
| **कार्त्तिक २७ गते नोभेम्बर १३ ता.** | पाष्टर सामुएल कार्थक | पाष्टर अशोक मुखिया | श्री पदम बहादुर राई | श्री छोगेन रोंगोंग | पाष्टर दफ्तन सादा | डीकन श्यामकृष्ण रंजित |
| **मंसीर ४ गते नोभेम्बर २० ता.** | पाष्टर एल. पी. न्यौपाने | एल्डर सामुएल क्षेत्री | डीकन रत्नमान महर्जन | श्री कर्टिस ओड | डीकन रूबेन श्रेष्ठ | श्री नवराज के. सी. |
| **मंसीर ११ गते नोभेम्बर २७ ता.** | पाष्टर राजेन्द्र कु. रोंगोंग | एल्डर दिनेश न्यौपाने | पाष्टर अशोक मुखिया | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर श्री लक्ष्मी सैंजु | एल्डर दिल थापा |
| **मंसीर १८ गते डिसेम्बर ४ ता.** | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | श्री सिमोन भण्डारी | डीकन जनकलाल श्रेष्ठ |

## नव दम्पति परिवारलाई हार्दिक बधाई



असोज १७ गते/अक्टोबर ३ ता. आइतबार एसेम्बली ए. जी. मण्डली सानो ठिमी भक्तपुरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती सुरज र सुनिता श्रेष्ठ** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज १७ गते/अक्टोबर ३ ता. आइतबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती सैदिप र अनिता तामाङ्ग** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज १८ गते/अक्टोबर ४ ता. सोमबार नेपाली इसाई मण्डली ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती ज्ञानेन्द्र र दान गुरूङ्ग** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज ३१ गते/अक्टोबर १७ ता. आइतबार चरीकोट मण्डली, दोलखामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती नुराग र रेणुका पौड्याल** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



कार्तिक ७ गते/अक्टोबर २४ ता. आइतबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती मीका र सुमित्रा तामाङ्ग** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### धन्यवाद

सरद सममेलनको समयमा मण्डलीबाट शाखा तथा आबद्ध मण्डलीहरूमा सेवाकाईको लागि जानुहुनेहरूको निम्ति आर्थिक सहयोग दिनुहुने, प्रार्थना गरिदिनुहुने, साथै उत्साह दिनुहुने सम्पूर्ण मण्डलीका विश्वासीहरूलाई धन्यवाद दिदछौं ।

*नेइम मिशन विभाग*

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|
| कार्त्तिक २७ गते नोभेम्बर १३ ता. | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर अष्ट श्रेष्ठ | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर एस. सोदेम्बा | डीकन सुब्बा श्रेष्ठ |
| मंसीर ४ गते नोभेम्बर २० ता. | पाष्टर एस. सोदेम्बा | एल्डर जमान तामाङ्ग | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | डीकन जिल्वर्ट मिशो | श्री तिर्थ रम्तेल |
| मंसीर ११ गते नोभेम्बर २७ ता. | पाष्टर वर्णबास श्रेष्ठ | श्री टुम्बल डोटेल | एल्डर दानिएल सापकोटा | पाष्टर प्रेम श्रेष्ठ | श्रीमती सुमित्रा तामाङ्ग | डीकनेस् निर्मला ढुङ्गेल |
| मंसीर १८ गते डिसेम्बर ४ ता. | एल्डर पासाङ्ग डेविड शेर्पा | श्री दीप राई | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर वर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

## नोभेम्बर महिनाको कार्यक्रम

- कार्तिक १९-२१ गते/नोभेम्बर ५-७ ता. शुक्रबार-आइतबारसम्म नेइम टिनेजर्स् युथ क्याम्प ललितपुर, गोदावरी
- कार्तिक २६ गते/नोभेम्बर १२ ता. शुक्रबार कार्यकारिणीको बैठक बिहान १०:०० बजे, नेइम ललितपुर मण्डली
- मंसीर १ गते/नोभेम्बर १७ ता. बुधबार महिला उपवास प्रार्थना बिहान १०:०० बजे आ-आफ्नै मण्डली
- मंसीर १२ गते/नोभेम्बर २८ ता. आइतबार परिषदको बैठक बिहान १०:०० नेइम ज्ञानेश्वर मण्डली

## जानकारी

१. आश्विन १५ गते/अक्टोबर १ ता. आइतबार नेइम ललितपुरको ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. आश्विन १७ गते/अक्टोबर ३ ता. आइतबार नेइम सिर्जनानगरको ४ जना र नेइम नगरकोटको ६ जना गरी जम्मा १० जना विश्वासीहरूले नेइम ज्ञानेश्वरमा पानीको बप्तिस्मा लिनुभयो ।

३. आश्विन २३ गते/अक्टोबर ९ ता. शनिबार नेइम गोंगबूँको ७ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

४. आश्विन ३० गते/अक्टोबर १६ ता. शनिबार नेइमको शाखा मण्डली नेइम धनकुटा सानो मुरेबारको ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## प्रार्थनाको अनुरोध

खीष्टमस तथा नयाँ वर्ष २०११ को उपलक्ष्यमा खीष्टको परिवर्तन गर्ने शक्तिबाट उपत्यकामा भएका मानिसहरूलाई लक्षित गरी एउटा (Mega City Campiagn) वृहत शहरी अभियान" नामक विशेष सु-समाचारीय कार्यक्रम संचालन गरिँदैछ । उक्त कार्यक्रम परिवर्तन गर्ने शक्ति अभियान हाल देशमा देखा परेको सबै प्रकारका हिंसा, भ्रष्टचार, बलात्कार चोरी, डकैती, दुर्व्यसनका लतमा परेका साथै विभिन्न प्रकारले जीवनदेखि नै हार खाएर निराशामा डुबेका मानिसहरूलाई खीष्टको परिवर्तन गर्ने शक्ति को अनुभव गराउने लक्ष्य यस अभियानले राखेको छ । जीवन परिर्वतका घटनाबारे विभिन्न संचार माध्यमहरू जस्तै रेडियो, टिभी, पत्र-पत्रिका, पुस्तक आदिद्वारा जानकारी दिने मुख्य लक्ष्य राखेको यो अभियान यही २०६७ पौष १० गते शुरू भई माघ १७ गते/डिसेम्बर २५-जनवरी ३१ २०११ तारिखसम्म सक्रिय रहने छ । यस अभियानको लागि मण्डलीले विशेष प्रार्थना गरिदिनुहुन अनुरोध छ ।

## प्रार्थनाका विषयहरू

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

२. नेपालका सबै अगुवाहरूलाई पवित्र आत्माको बप्तिस्माको इच्छा भएको होस् र सबै जनानै पवित्र आत्माको बप्तिस्मा पाएर आत्माको भरपूरीमा जिउनेहरू हुन सकून् ।

३. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि खीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

४. हामी बसेका टोलहरूका मानिसहरूको समझलाई अन्धो तुल्याउने अन्धकारको शक्तिको विरोधमा साथै टोल समाजलाई दुषित तुल्याउने तन्त्रमन्त्र, लागु पदार्थ र दुष्ट कुराहरूको विरोधमा पनि प्रार्थना गरौं जसको कारण मानिसहरूले परमेश्वरलाई चिन्न र विश्वास गर्न सकून् र त्यस ठाउँका सबै वातावरण पनि परिवर्तन भएको होस् ।

५. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

६. बाँडिएका सुसमाचारका पर्चाहरू पाएका व्यक्तिहरूले ध्यानसित पढ्ने इच्छा भएको र पढ्दा उहाँहरूको हृदयमा पवित्र आत्माले नै सत्यता बुझ्ने अनुग्रह दिऊन् ।

७. मण्डलीका सबै गुरुजनहरू साथै व्यवस्थापन समितिमा हुनुभएकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाई गर्न, हुर्काउन, बढाउन, डोऱ्याउन साथै व्यवस्थित गर्न परमेश्वरबाटको अनुग्रह र पवित्र आत्माको सहायता मागिदिऔं ।

८. मण्डलीलाई अगुवाई गर्न नेइमका विभिन्न विभागहरू तथा स्थानीय व्यवस्थापन समितिमा हुनुभएकाहरूको लागि साथै पुरूष, महिला, युवा, बाल संगति, घरेलु संगति, मिशनको क्षेत्रहरू अझ आशिषित भएर जान सकून् भनी प्रार्थना गरौं ।

## जानकारी



नेइम नगरकोटको सदस्य

**श्री कृष्ण बहादुर परियार**

६७ वर्षको उमेरमा कार्तिक १२ गते/अक्टोबर २९ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | **२१** 7<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही बन्न पनि सकौं ।<br>*3 यूहन्ना ६* | **२८** 14<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>*कलस्सी २:६-७* | **५** 21<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>*फिलिप्पी २:१०-११* | **१२** 28<br>नेपालका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं ।<br>*यहोशू १:६-८* |
| **सोमबार**<br>**Monday** | **२२** 8<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>*यशैया ६२:६* | **२९** 15<br>मण्डलीका प्रत्येक परिवारका सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून् ।<br>*अय्यूब १:१-५* | **६** 22<br>हामीलाई प्रभुले जुन उद्देश्यले चुन्नुभएको छ, सो उद्देश्यलाई हामी सबैले विश्वासयोग्यका साथ पूरा गर्न सकौं ।<br>*एफिसी १:११-१२* | **१३** 29<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>*२ तिमोथी ४:१-८* |
| **मंगलबार**<br>**Tuesday** | **२३** 9<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>*यशैया ४०:२७-31* | **३०** 16<br>भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुराहरू देख्न सकौं ।<br>*१ यूहन्ना ५:१४-१५* | **७** 23<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>*तीतस 3:१-८* | **१४** 30<br>मण्डलीका सबै विश्वासीहरूले आ-आफ्नो कामद्वारा परमेश्वरलाई सधैं महिमा दिन सकून् ।<br>*कलस्सी 3:२३-२४* |
| **बुधबार**<br>**Wednesday** | **२४** 10<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने-बढाउने काम पवित्र आत्माको सहायताद्वारा गर्दै जान सकून् ।<br>*१ पत्रुस ५:२-४* | **१ मंसिर** 17<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै जानेहरू र उहाँको भय मान्नेहरू हुँदै जान सकौं ।<br>*भजनसंग्रह १४५:१७-२०* | **८** 24<br>प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकून् ।<br>*हबकूक 3:१७-१९* | **१५** December 1<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टलाई साँचोसँग पछ्याउने निर्णय लिएर बप्तिस्माको कदम उठाउन सकून् ।<br>*यूहन्ना १०:२७-२९* |
| **बिहीबार**<br>**Thursday** | **२५** 11<br>मण्डलीका सबै बाबु-आमाहरू अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>*भजनसंग्रह १२८:१-६* | **२** 18<br>बाल संगतिका सबै बालबालिकाहरू सानैदेखि प्रभुमा बढ्दै जान सकून् साथै सबै शिक्षक/शिक्षिकाहरूको सेवकाईमा आशिष मागिदिऔं ।<br>*यशैया ५४:3* | **९** 25<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>*१ यूहन्ना २:१५-१७* | **१६** 2<br>वृद्ध अवस्थामा रहेकाहरू निराश, चिन्ता र अशान्तिमा होइन तर प्रभुमा धन्यवादी भई प्रार्थनामा जीवन बिताउनेहरू हुन सकून् ।<br>*यशैया ६४:४* |
| **शुक्रबार**<br>**Friday** | **२६** 12<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>*२ कोरिन्थी २:१४-१७* | **३** 19<br>प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले ख्रीष्ट प्रभुको सुसमाचार सुनेर ख्रीष्ट येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।<br>*यूहन्ना १:१२* | **१०** 26<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नलाई मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् ।<br>*भजनसंग्रह ४:१-७* | **१७** 3<br>भोलि नेपालभरि हुने आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>*लेवी २६:१२-१३* |
| **शनिबार**<br>**Saturday** | **२७** 13<br>मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, प्रशंसा, भेटी, सबै उहाँको महिमाको लागि अझै इमानदारितामा गरिंदै जान सकौं ।<br>*मत्ती ६:१-८* | **४** 20<br>स्कूल, क्याम्पस साथै उच्च शिक्षा हासिल गरिरहनुभएकाहरूको पढाईमा परमेश्वरबाटको आशिष मागिदिऔं ।<br>*याकूब १:५* | **११** 27<br>सबै ख्रीष्टिय संघ संस्थाको सेवकाई र काम गर्ने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं ।<br>*प्रेरित २०:२४* | **१८** 4<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय सम्पूर्ण कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>*भजनसंग्रह १६:७-९* |

**"तिमीहरूका आफ्ना कम्मर कस र तिमीहरूका बत्ती बालिराख । तिमीहरू ती मानिसहरू जस्ता होओ, जसले आफ्ना मालिक विवाहको भोजबाट फर्किआएर ढकढक्याउँदा तिनीको निम्ति झट्टै ढोका खोलिदिन्छन् । ती नोकरहरू धन्यका हुन्, जसका मालिक घर आउँदा तिनीहरूलाई जागिरहेका भेट्टाउनेछन् । साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले आफ्नो पटुका कसेर तिनीहरूलाई खान बसाउनेछन्, र आएर तिनीहरूको सेवा गर्नेछन् । यदि तिनी मध्यरात वा त्यसभन्दा अझ ढीलो आउँदा पनि नेकरहरूलाई जागै भेट्टाए भने, तिनीहरू धन्यका हुन्, तर यो जान, कि चोर कुन बेला आउँछ भनेर घरका मालिकले जानेका भए तिनी जागा बस्नेथिए, र चोरलाई घर फोरेर पस्न दिनेथिएनन् । तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ ।"**

*लूका १२:३५-४०*


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४२५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np